जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

एक कदम अगाडि

Jaleshwor Today National Daily

वर्ष १२ • अंक ३१८ • २०८२ भदौं २१ गते शनिवार • 6 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## मधेस प्रदेश स्तरीय किशोर-किशोरी भेला २०८२ बर्दिबासमा सम्पन्न

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २० भदौं




मधेस प्रदेश स्तरीय किशोर-किशोरी भेला २०८२ बर्दिबासमा सम्पन्न भएको छ । भेला राष्ट्रिय किशोर सञ्जाल र राष्ट्रिय किशोरी सञ्जालको आयोजनामा भएको हो । भेलाको संयोजन सिविन नेपाल र गर्लस् नोट विर्डस संस्थाले गरेका थिए भने सेभ द चिल्ड्रेनले सहयोग प्रदान गरेको थियो ।

बिहीबार सम्पन्न भएको कार्यक्रम राष्ट्रिय किशोरी सञ्जालकी महासचिव कृतिका धितालको अध्यक्षता र मधेस प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रममा सिविन नेपालका अध्यक्ष माधव प्रधान, एनआरएनए नेपालका अध्यक्ष भिक्षु पियादशी, की अध्यक्ष निरजिना भट्ट, राष्ट्रिय किशोर सञ्जालका केन्द्रीय सदस्य राजन दास लगायतका सरोकारवालाहरूको उपस्थिति थियो । मन्त्री जयसवालले मधेशक प्रदेशमा विद्यमान असमानता, विकृति, जातीय विभेद, बालविवाह तथा छिट्टै हुने विवाह जस्ता समस्या समाधानका लागि संघीय, प्रदेश र स्थानीय सरकारसँगै नागरिक समाजबीच सहकार्य अपरिहार्य रहेको बताए । उनले मधेश प्रदेशले पहिलोपटक बालिका संरक्षण ऐन, नीति तथा बालिका कोष सञ्चालन गरी बालिका सशक्तिकरणलाई प्राथमिकता दिएको जानकारीसमेत दिए ।

साथै, यस वर्षको बजेटमा पर्याप्त स्रोत विनियोजन गरिएको र दहेज प्रथा, बालविवाह तथा छिट्टै हुने विवाह न्यूनीकरणका लागि सामूहिक विवाह कार्यक्रम समेत नीतिगत रूपमा समावेश गरिएको उनले बताए । दुई दिनसम्म चलेको भेलामा साइबर सुरक्षाबारे चेतना, यौन तथा प्रजनन स्वास्थ्य, बालविवाह र बालश्रम अन्त्यका उपायबारे छलफल भएको थियो । ५० जना किशोर किशोरीको सहभागिता रहेको सम्मेलनले तयार पारिएको १२ बुँदे अपिल पत्र मन्त्री जयसवाललाई हस्तान्तरण गरिएको थियो ।

## राम्रो शिक्षाका लागि विदेश नै जानुपर्छ भन्ने धारणा अब हटिसकेको: सिंह

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० भदौं



उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले राम्रो शिक्षाका लागि विदेश नै जानुपर्छ भन्ने धारणा अब हटिसकेको बताएका छन् । उनले नेपालमै उत्कृष्ट शिक्षा लिन सकिने बताए ।

डिल्लीबजार कन्या बहुमुखी क्याम्पसको ४५औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री सिंहले भने, 'यहाँका विद्यार्थी केवल शिक्षित मात्र होइन, सक्षम, दक्ष र प्रतिस्पर्धी पनि छन् । स्वदेशमै उत्कृष्ट शिक्षा लिन सकिन्छ भन्ने उदाहरण यो क्याम्पसले प्रस्तुत गरेको छ ।'

कन्या बहुमुखी क्याम्पसले विशेष गरी महिला शिक्षाको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउँदै आएको उल्लेख गर्दै उनले विगत ४५ वर्षको यात्रा अत्यन्तै प्रेरणादायक रहेको बताए । स्थापनाकालमा ७७ विद्यार्थीबाट सुरु भएको क्याम्पस अहिले करिब ७०० विद्यार्थीको शिक्षाको थलो बनेकाले आफैँमा एक ऐतिहासिक उपलब्धि भएको उनको भनाइ थियो ।

उपप्रधानमन्त्री सिंहले भने, 'यस क्याम्पसले नारीको शिक्षामा मात्र नभई समग्र शिक्षा प्रणालीमै गुणस्तरीय योगदान पुऱ्याउँदै आएको छ । देशका करिब ६० भन्दा बढी जिल्लाका विद्यार्थी यस क्याम्पसमा अध्ययनरत छन् । यसबाट नै यहाँको लोकप्रियता र प्रभाव स्पष्ट हुन्छ ।'

## छात्रामाथि दुर्व्यवहार गरेको आरोपमा शिक्षक यादव पक्राउ

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २० भदौं




बर्दीबास नगरपालिका-११, खैरमारास्थित निर्मल लामा बहुप्राविधिक शिक्षालयमा अध्ययनरत छात्रामाथि दुर्व्यवहार गरेको आरोपमा शिक्षक वसन्तप्रसाद यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

शिक्षक यादवमाथि शिक्षालयका चार जना छात्रामाथि दुर्व्यवहार गरेको आरोप छ । घटनाबारे अभिभावकसाथ आएका छात्राले दिएको जाहेरीको आधारमा शिक्षक यादवलाई पक्राउ गरी अभद्र व्यवहारमा मुद्दा दर्ता गरेको इलाका प्रहरी बर्दीबासले जनाएको छ । शिक्षक यादवले रातको समयमा फोन गरी कहिले परीक्षामा पास गराइदिने प्रलोभन र कहिले अभद्र धाकधम्की दिएर छात्रालाई मानसिक यातना दिएको आरोप छ ।

यस सम्बन्धी अडियो रेकर्ड फेला परेपछि शिक्षालयको सहयोगमा बर्दीबास प्रहरीले यादवलाई नियन्त्रणमा लिएको जनाएको छ ।

निर्मल लामा बहुप्राविधिक शिक्षालयका प्रमुख रमण मेहताले अभिभावकसाथ आएका चार जना छात्राले शिक्षक यादवविरुद्ध उजुरी दिन आएपछि घटनाबारे जानकारी पाएको बताउनुभयो । जानकारी लगत्तै शिक्षालय प्रशासनले सिटिइभिटीका मधेश प्रदेश निर्देशक अच्युतराज दहाललाई जानकारी गराउनुका साथै प्रमुख जिल्ला अधिकारीसँग परामर्शपछि पीडित छात्रालाई अभिभावकसाथ बर्दीबास प्रहरीमा पठाएको थियो । मेहताले भन्नुभयो, "घटनाबाट हामी स्तब्ध छौँ ।

शिक्षालयको मर्यादा कायम राख्न र घटना दोहरिन नदिन हामी सजग छौँ ।" २०७७ सालदेखि करारमा कार्यरत महोत्तरीको सोनमा गाउँपालिका स्थायी ठेगाना भएका शिक्षक यादवमाथि यसअघि सोही शिक्षालयका तीन छात्राले एकसाथ विष सेवन गरेको घटनालाई पनि जोडेर हेर्न थालिएको छ ।

२०८१ पुस १५ गते सामूहिक विष सेवन गरेकामध्ये एक छात्रालाई माईस्थानको जङ्गलबाट मृत अवस्थामा प्रहरीले फेला पारेको थियो । पक्राउ परेका शिक्षक यादवलाई न्यायिक हिरासतमा राखी अनुसन्धान गर्न बिहीबार महोत्तरी जिल्ला अदालतले सात दिनको म्याद दिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी तथा सूचना अधिकारी शैलेन्द्र भट्टले जनाउनुभयो ।

## ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलद्वारा बादबिबाद प्रतियोगिता समपन्न

सोनी साह
जनकपुरधाम, २० भदौं



ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले शुक्रबार एक कार्यक्रम वीच बादबिबाद प्रतियोगिता समपन्न गरेको छ ।
तरबार भन्दा कलम बलियो भन्ने शिर्षकमा पक्ष र विपक्षबाट एक दर्जन भन्दा बढी विद्यार्थीहरुले आफ्नो बलिया तर्कहरु राखेका थिए । ती विद्यार्थीहरु मध्ये कक्षा ६ का गोपी शर्मा प्रथम,सुरज मण्डल द्वितिय र आदित्य राज कुमार साह तृतिय भएका थिए । तिनीहरुलाई आकर्षक पुरस्कारले पुरस्कृत गरिएको थियो। निर्णायक मण्डलमा शिक्षक सरोज कुमार झा र प्रिन्स सिंह रहेका थिए । कार्यक्रम संचालन शिक्षिका र ोशनी यादवले गर्नु भएको थियो । प्रधानाध्यापक प्रा.पवन कुमार साहले सहभागी सबै विद्यार्थीहरुलाई स्याबासि दिदै अझै राम्रो गर्न सल्लाह दिनुभयो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




## —: जनघोष :—

*हाम्ले आज अमानवी दमन यो बिर्सेर के पाउने*
*बाँचेको छ परम्परा रगतको सट्टा रगत नै लिने*
*खाई घातक मार दुर्दमनका पीडा सहन्नौं अब*
*खप्नुसम्म खप्यौं दुरापद ठूला हेरी रहन्नौं अब*

*आगो आज उठी सक्यो झुपडीमा बन्दै गई उन्मना*
*हाम्रो के अब झुक्न सक्छ र यहाँ विज्ञानवादी फना*
*उठ्दैछन् हँसिया हलो र खुकुरी खुर्पी खुँडा बञ्चरा*
*उठ्दैछन् नवचेतना सजग भै आत्मा भएका दरा*

*पर्ख्यौ के जनमुक्तिको विजय श्री अध्यात्मदेखि तल*
*टर्ख्यौ के बदला नलिकन त्यसै हाम्रो रगतको भल*
*दिन्छौं पारि सखाप नै प्रतिक्रियावादीहरूको हठ*
*उम्लेको छ असह्य भै हृदयको हाम्रो व्यथा उत्कट*

*धर्तीमा सुखशान्तिका किरणले छाँईदिने लक्ष्यका*
*हामी न्याय उचाल्न वीरगतिको बाटो लिने पक्षका*
*पीडाग्रस्त बनी गई शरणमा पर्दै ठूलाका मुनि*
*सच्चाइसित थर्र थर्र डरले नार्मदको के जुनि ?*

**- युद्धप्रसाद मिश्र**

# सरकारद्वारा उखु किसानलाई अनुदान बापतको करिब ७५ करोड रुपियाँ रकम निकासा

**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २० भदौं**

सरकारले उखु किसानलाई उत्पादन प्रोत्साहन स्वरूप दिने अनुदान बापतको करिब ७५ करोड रुपियाँ रकम निकासा गरेको छ।

देशभरका १३ जिल्लाका किसानले चिनी उद्योगमा उपलब्ध गराएको करिब दुई करोड १६ लाख क्विन्टल उखु बराबरको सो रकम किसानलाई पठाइएको हो। किसानलाई चिनी उद्योगले प्रतिक्विन्टल ५८५ र सरकारले ३५ रुपियाँ अनुदान दिने व्यवस्था अनुसार सो रकम उपलब्ध गराइएको हो । सुनसरी, सिराहा, सर्लाही, महोत्तरी, रौतहट, बारा, नवलपरासी लगायत जिल्लामा व्यावसायिक उखु खेती हुने गर्दछ। सर्लाहीका उखु किसानले प्रतिक्विन्टल ३५ रुपियाँका दरले अनुदान रकम प्राप्त गरेका छन्। सरकारले गएको वर्ष उखु क्रसिङ सिजन २०८१/८२ मा किसानलाई प्रतिक्विन्टल ७० रुपियाँका दरले अनुदान उपलब्ध गराउने निर्णय गरेको थियो तर अहिले रकम निकासा हुँदा भने ३५ रुपियाँका दरले वितरण गर्न पुग्ने गरी मात्रै निकासा भयो । सर्लाहीका उखु किसानका लागि प्राप्त भएको १८ करोड रुपियाँ अनुदान रकम प्रत्येक किसानको खातामा पठाइसकिएको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) ले जनाएको छ।

प्रमुख कोष नियन्त्रक पुष्पप्रसाद गुरागाईंका अनुसार उखु किसानलाई अनुदान दिन १८ करोड ७५ लाख ५० हजार ६९० रुपियाँ निकासा भएर आएको थियो । सर्लाहीका तीन वटा चिनी मिलले क्रसिङ गरेको उखुको विवरण अनुसार किसानलाई ३७ करोड रुपियाँ अनुदान



रकम माग गरिए पनि १८ करोड मात्रै निकासा आएको र त्यो वितरण गरेर सकिएको प्रमुख कोष नियन्त्रक गुरागाईंले बताउनुभयो।

# साह विरुद्धको मुद्दामा बहस सकिए



**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, २० भदौं**

खानेपानी मन्त्री प्रदीप यादवसँग विवाद गरेको विषयमा पक्राउ परेकी किरण साह विरुद्धको मुद्दामा बहस सकिएको छ । सरकारी वकिलको कार्यालयबाट पर्सा जिल्ला अदालतमा पेस भएको मुद्दामा बिहीबार बहस सकिएको हो ।

पर्सा जिल्ला अदालतका श्रेस्तेदार प्रभिक मल्लिकले केहीबेर अघिमात्रै न्यायाधीश कमलकान्त जोशीको इजलासमा साहको मुद्दाको बहस सकिएको हो। गएको शनिबार प्रहरीले सोधपुछका लागि भन्दै टिकटकर समेत रहेकी साहलाई बोलाएको थियो ।

त्यसपछि खानेपानी मन्त्री यादवको स्वकीय अधिकृत हरिन्द्र साहले दिएको जाहेरीका आधारमा नियन्त्रणमा लिएर प्रहरीले उनीमाथि मुद्दा दर्ता गरी कानुनी प्रक्रिया अगाडि बढाएको थियो ।

उनीविरुद्ध विद्युतीय कारोबार सम्बन्धी अपराध, संघीय सांसदलाई ज्यान मार्ने धम्की दिन नहुने र झुटा अफवाह फैलाएको कसुर सम्बन्धी मुद्दा दर्ता भएको छ ।





अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: शुभ कार्यको शुरुवात
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पढाईमा ध्यान दिनुपर्ने
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: पिछडेको साथी मिल्ने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: लामो यात्राको योग छ
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

जलेश्वर टुडे


# जापानका प्रधानमन्त्री इशिबाद्वारा ट्रम्पको निर्णयको स्वागत

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० भदौं



जापानका प्रधानमन्त्री शिगेरु इशिबाले अटोमोबाइल र अन्य जापानी आयातमा कम भन्सार शुल्क लागू गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्णयलाई स्वागत गरेका छन्।

उनले यसलाई प्रमुख उद्योगहरूले भोगिरहेको अनिश्चितता हटाउने कदमका रूपमा व्याख्या गरे। अघिल्लो २५ प्रतिशतबाट १५ प्रतिशतमा भन्सार शुल्क कटौती गर्ने सम्झौता जुलाई २२ मा दुवै पक्षबीच भएको थियो। "जापान र संयुक्त राज्य अमेरिकाबीचको कर वार्ता सरकारको शीर्ष प्राथमिकता थियो। हामीले सकेसम्म चाँडो र उत्तम तरिकाले सम्झौता हासिल गर्न सबै प्रयास गरेका थियौँ", प्रधानमन्त्री इशिबाले शुक्रबार भने, "यो परिणाम उत्कृष्ट छ।"

यो कदम जापानी प्रधानमन्त्रीले आफ्नै पार्टीभित्रका दक्षिणपन्थी प्रतिद्वन्द्वीहरूबाट दबाब खेपिरहेको बेला आएको हो। जुलाईमा भएको निर्वाचनमा हार खाएपछि उनीमाथि राजीनामाको माग बढ्दै गएको छ। वासिङ्टनमा जापानका शीर्ष कर वार्ताकार रियोसी अकाजावा र अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकले पनि संयुक्त वक्तव्यमा हस्ताक्षर गर्दै अमेरिकी परियोजनामा पाँच खर्ब ५० अर्ब डलरको जापानी लगानी पुष्टि गरेका छन्।

# फिल्म 'धागो' को पहिलो गीत 'ट्याउँ ट्याउँ' सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० भदौं



अभिनेत्री सुरक्षा पन्तको मुख्य भूमिका रहेको फिल्म 'धागो'को पहिलो गीत 'ट्याउँ ट्याउँ' सार्वजनिक गरिएको छ। गायक पुष्पन प्रधान र गायिका आकाङ्क्षा थापाको स्वर रहेको गीतमा शब्द र सङ्गीत पनि पुष्पन प्रधानकै छ । रोमान्टिक शैलीको गीतमा अभिनेता बुद्धि तामाङ, अभिनेत्री वर्षा राउत, सुरक्षा पन्त, प्रभात थापा र सुरभि थापा लगायतका कलाकारहरू देखिएका छन्। जसमा कोरियोग्राफी कविराज गहतराजको रहेको छ।

कातिक २८ गते (नोभेम्बर १४) नेपाल र भारतका हलमा एकसाथ रिलिज हुने फिल्म उदिप राना थापाले निर्देशन गरेका हुन्। नेपाल-भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली परिवारहरूको जीवन, उनीहरूको आपसी भावनात्मक सम्बन्ध र सांस्कृतिक फिल्मले विषय वस्तुमा उठाएको छ । फिल्ममा सुरक्षा पन्तसँगै भारतको वेस्ट बङ्गाल डुवर्सका प्रभात थापा र मिस दार्जिलिङ तथा मिस नर्थ इस्ट भारत विजेता सुरभि थापा प्रमुख भूमिकामा देखिनेछन्। बुद्धि तामाङ, सुनिल थापा, रबिन सान्संकर, दीप छेत्री, प्रज्ञा थापा, बाबु प्रधान, सेवन विश्वकर्मा, राजीव भुसाल, आइशा तामाङ, पप्पु विश्वकर्मा लगायतका कलाकारहरूले पनि फिल्ममा अभिनय छ । फिल्म म्याग्नेट इन्टरटेन्मेन्ट इन्डियाले निर्माण गरेको फिल्मको निर्माता उमा थापा, उत्तम थापा र उदिप थापा रहेका छन् भने सहनिर्मातामा प्रभात थापा, समीर तामाङ र राजेश क्षेत्री रहेका छन्।

# आजको विदेशी मुद्राको यस्तो छ विनिमय दर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० भदौं




नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ ७४ पैसा र बिक्रीदर १४१ रुपैयाँ ३४ पैसा निर्धारण गरिएको छ ।

युरोपियन युरो एकको खरिददर १६३ रुपैयाँ ८७ पैसा र बिक्रीदर १६४ रुपैयाँ ५७ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर १८९ रुपैयाँ ०८ पैसा र बिक्रीदर १८९ रुपैयाँ ८९ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७४ रुपैयाँ ६८ पैसा र बिक्रीदर १७५ रुपैयाँ ४३ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ७३ पैसा र बिक्रीदर ९२ रुपैयाँ १३ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ८० पैसा र बिक्रीदर १०२ रुपैयाँ २४ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ १५ पैसा र बिक्रीदर १०९ रुपैयाँ ६१ पैसा तोकिएको छ । जापानी येन १० को खरिददर नौ रुपैयाँ ४९ पैसा र बिक्रीदर नौ रुपैयाँ ५३ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ७१ पैसा र बिक्रीदर १९ रुपैयाँ ७९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३७ रुपैयाँ ६७ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ६१ पैसा र बिक्रीदर ३८ रुपैयाँ ७८ पैसा कायम भएको छ ।

# घरेलु मैदानमा बंगलादेशविरुद्ध जित निकाल्छौं: प्रशिक्षक म्याट रस

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० भदौं




नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक म्याट रसले बंगलादेशसँग घरेलु मैदानमा हुने दुई मैत्रीपूर्ण खेलमा जित निकाल्ने गरी खेल प्रस्तुत गर्ने बताएका छन्।

शुक्रबार आयोजित प्रि म्याच प्रेस कन्फेरेन्समा कुरा गर्दै उनले बंगलादेशको टोली राम्रो भएको र राम्रो प्रतिस्पर्धा हुने उल्लेख गर्दै जितका लाति खेल्ने बताएका हुन्। 'हाम्रो तयारी राम्रो भएको छ, घरेलु दर्शकको अगाडि राम्रो प्रतिस्पर्धा हुन्छ जस्तो लाग्छ र हामी जित्ने पनि छौं, खेलाडीहरूलेरु पनि त्यही अपेक्षा गरेका छन्' प्रशिक्षक रसले भने । बंगलादेशको टोली पनि राम्रो भएको बताउँदै नेपालका लागि यो राम्रो परीक्षण हुने पनि उनले उल्लेख गरे। कप्तान किरण चेम्जोङले पनि तयारी राम्रो भएको उल्लेख गरे। प्रशिक्षणका क्रममा अधिकांश समय आफू यहाँ नभएको भएपनि टोलीको राम्रो तयारीरु भएको र आफु पनि खेलका लागि तयार रहेको उनले उल्लेख गरे । कप्तान किरणले घरेलु मैदानमा खेल्न उत्साहित रहेको र खेल पनि रोचक हुने अपेक्षा गरेको बताए । त्यस्तै बंगलादेशका प्रशिक्षक जेभियर क्याब्रेरालेरु नेपाल आउनुअघि राम्रो तयारी भएको बताउँदै यहाँ आएर खेल्न उत्साहित रहेको बताए।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12,Airport Road,Dhanusha
Contact : 9844027971,9824877627

Our Features

* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket,Classical Dance,Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.



"Education Is The Light Of Life"
NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चोक देखि संकटमोचन स्कूल जाने बाटोमा)
Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | - H.A.<br>- Staff Nurse<br>- D-Pharmacy<br>- CMLT (Lab)<br>- Opthalmic Science<br>- Diploma in Civil, Electrical Mechanical Engineering<br>- Lab Technician | - Science<br>- Management<br>- CMAT Preparation |

लोक सेवा आयोग
(१) खरिदार,ना.सु., अधिकृत (२) प्रहरी सेवा (३) शिक्षक सेवा (४) बैंक सेवा (५) शिक्षा सेवा (६) महिला विकास (७) स्वास्थ्य सेवा (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरु
१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. बिहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनाको अन्त्यमा Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था ।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन-पाठन गराइने
७. प्रत्येक शुक्रबार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरुका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिबार कुनैपनि विद्यार्थीले न्यूनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था ।



9854025530 / 9824885783

भाडापखाला, हैजा र डेंगीबाट बचौं

अविरल भइरहेको वर्षाले भाडापखला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, भाडापखला र हैजाबाट बच्न:
• सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं,
• व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
• बासी सडेगलेका खानेकुरा नखाऔं,
• खानालाई छोपेर राखौं,
• काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्याऔं

साथै खुल्ला रूपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।

साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:
• आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फूल पार्ने भएकोले हुँदा पानी जम्न नदिऔं
• घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं,
• जुनसुकै बेला सुत्दा झुलको प्रयोग गरौं,
• पुरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं।

साथै खाद्यान्न तथा खानेपानी वितरक सम्पुर्ण सरोकारवाला निकाय तथा व्यवसायीहरुलाई सचेत रहन अनुरोध गर्दछौं ।





मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय सपही, धनुषा

# संघीयता : भाष्य र भविष्य

-जो संघीयताका लागि लड्यो, उनीहरू शक्तिबाहिर र जसको संघीयता ल्याउन खासै भूमिका थिएन, उनीहरू सत्तामा हुने परिस्थितिका कारण पनि प्रदेशलाई बलियो बनाउने र संघीयताको सबलीकरण गर्ने मुद्दा कमजोर भएको हो।

नेपालमा संघीयताको अभ्यास भए पनि यसको प्रभावकारी कार्यान्वयन र प्रदेशको स्वायत्तता अझै सुनिश्चित हुन सकेको छैन। प्रदेशहरू आर्थिक, प्रशासनिक र सामाजिक रूपमा कमजोर रहँदा जनताको अपेक्षा अनुसार सेवा, पहिचान र न्यायको प्रत्याभूति हुन सकेको छैन। संघीयतालाई बलियो र प्रभावकारी बनाउन सरकार, राजनीतिक दल र सरोकारवालाबीच विस्तृत विमर्श, स्पष्ट कार्ययोजना र प्रदेशको स्वायत्तता सुनिश्चित गर्नु अपरिहार्य छ। नेपालमा विकासको चर्चा हुँदा प्रायःजसो सिंगापुर र स्विट्जरल्यान्डको सन्दर्भ पनि जोडिन्छ । २०६४ को पहिलो संविधानसभा निर्वाचनमा माओवादी सबैभन्दा ठूलो दल भएपछि प्रधानमन्त्री बनेका अध्यक्ष प्रचण्डले सिंगापुर बनाउने उद्घोष गरे । स्विट्जरल्यान्ड भ्रमणपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पनि त्यस्तै घोषणा गरे । तर, यी दुवै नेताले स्विट्जरल्यान्डको राजनीतिक-आर्थिक प्रणालीको अध्ययनका आधारमा यस्तो घोषणा भने पक्कै गरेका थिएनन्। स्विट्जरल्यान्डको विकासको चर्चा नै नेताहरूका आधार थिए भन्ने बुझ्न कठिन छैन।

करिब ९० लाख जनसंख्या रहेको यो देशले संघीयताको अभ्यास गरेको १७७ वर्ष भयो । २६ वटा प्रदेश (क्यान्टोन) र २ हजार १२१ जिल्ला (कमन्स) रहेको स्विट्जरल्यान्ड विश्व अर्थतन्त्रको २० औं स्थानमा छ। भ्रष्टाचार कम हुने देशको पाँचौं स्थानमा छ, त्यहाँको मानिसको औसत आयु ८४.२ वर्ष छ। विकासको मात्रै होइन, संघीयताको अभ्यासको अध्ययन र सिकाइका लागि स्विट्जरल्यान्ड एउटा महत्त्वपूर्ण देश हो । संघीयताको अभ्यास गरिरहेको नेपालले नारामा होइन, विश्वमा भइरहेका संघीयताको असल अभ्यासको अध्ययन र विश्लेषणसहित यहाँको संघीयतालाई बलियो र प्रभावकारी बनाउनुपर्ने हो । तर, संघीयतालाई प्रभावकारी बनाउने सवालमा न त सरकारको तदारुकता देखिन्छ, न त राजनीतिक पार्टीहरूकै । राज्य पुनःसंरचनाको एउटा महत्त्वपूर्ण एजेन्डा संघीयता हो । केन्द्रीकृत र सामन्ती राज्य व्यवस्थाका कारण राज्यबाट बहिष्करण र सीमान्तीकरणमा पारिएका समुदाय र क्षेत्रले संघीयताको एजेन्डालाई सशक्त रूपमा उठाएको हो। राणा शासनको अन्त्यलगत्तै तराई कांग्रेस र पछि सद्भावना पार्टीले स्वायत्त तराईसहितको एजेन्डा राजनीतिक रूपमा उठाउँदै आएका थिए।




त्यस्तै, २०४७ पछि आदिवासी जनजाति, मधेशी र सीमान्तीकृत समुदायले स्वायत्तासहित संघीयताको एजेन्डालाई सशक्त रूपमा उठाएका हुन् । जनयुद्धका क्रममा तत्कालीन नेकपा माओवादीले नौ वटा जातीय-क्षेत्रीय प्रदेशको अभ्यास नै गर्‍यो। यसैगरी आदिवासी जनजाति, मधेशी र सीमान्तीकृत समुदायले गरेको सशक्त आन्दोलनकै प्रतिफल हो, संघीयता। राज्य पुनःसंरचनाको बहससँगै नेपाली कांग्रेस, नेकपा एमालेले संघीयतालाई स्वीकार गरेका कारण नेपाल संघीय शासन व्यवस्थामा रूपान्तरित भएको हो। विगतमा राप्रपा र राष्ट्रिय जनमोर्चाले संघीयताको विरोध गरेका थिए भने राष्ट्रिय स्वतन्त्र पार्टी पनि संघीय व्यवस्थाको पक्षमा खुलेको छैन । संघीयताका पक्षमा नरहेका राजनीतिक नेता तथा कार्यकर्ताले संघीयताको विरोध गर्नु त स्वाभाविकै हो तर संघीय पक्षधर पार्टीकै नेता/कार्यकर्ता संघीयताविरोधी भाष्य निर्माणमा संलग्न छन्। संघीयताका सन्दर्भमा 'प्रदेशको कामै छैन' भन्ने भाष्य बलियो हुँदै गइरहेको देखिन्छ। संघीय व्यवस्थाका पक्षमा निकै ठूलो संघर्ष गरेको मधेशी आन्दोलनबाटै जनता समाजवादी पार्टी स्थापित भयो । सोही पार्टीबाट निर्वाचित धनुषाका एक जना गाउँपालिकाका अध्यक्षले कुराकानीका क्रममा प्रदेशको आवश्यकता नरहेको विचार राखे। उनी प्रतिनिधि पात्र मात्रै हुन्, अन्य जनप्रतिनिधि पनि यस्तो भाष्य निर्माणमा संलग्न छन् । राज्य पुनःसंरचना र संघीयताको पक्षधर माओवादी पार्टीकै कतिपय नेता/कार्यकर्ताको ऐन मौकामा प्रदेशको काम छैन भन्न भ्याइहाल्छन् । यतिसम्म कि धेरैजसो प्रदेशसभा सदस्य, प्रदेशका मन्त्री र मुख्यमन्त्रीले समेत प्रदेशलाई बलियो र प्रभावकारी बनाउने विषयमा चासो राखेको देखिँदैन। मूलतः पार्टी सत्ता र राज्य सत्तामा रहेका परम्परागत वर्चस्वशाली वर्ग र समुदाय संघीयतालाई प्रभावकारी बनाउने दिशामा जिम्मेवार देखिँदैन। अर्कोतिर, मधेशी, आदिवासी जनजाति र सीमान्तीकृत समुदायलाई संघीयता सोचेजस्तो बलियो र प्रभावकारी भएन भन्ने चिन्ता देखिन्छ। प्रदेशबिना संघीयता रहँदैन। संघीयता वा प्रदेशलाई अस्वीकार गर्नु पुरानै केन्द्रीकृत व्यवस्थामा फर्किनु हो, पश्चगामी कदम हो । त्यसैले संघीयताको सैद्धान्तिक दृष्टिकोणका आधारमा प्रदेशलाई बलियो बनाउनुको विकल्प छैन । प्रदेश पार्टीको नेता/कार्यकर्ता व्यवस्थापन गर्ने विधि मात्रै बन्यो भन्ने भाष्य पनि जबरजस्त निर्माण हुँदै छ। स्वाभाविक रूपमा सम्बन्धित प्रदेशस्तरको पार्टी नेतृत्वले अवसर पाउँछन् नै, जनताको पहुँच सहज हुने भएकाले प्रतिनिधिलाई जवाफदेही बनाउने अवसर पाउँछन्, मुख्यमन्त्री र मन्त्री वा प्रदेशसभा सदस्यलाई आफ्ना सरोकार राख्न सक्छन्, जुन केन्द्रीकृत व्यवस्थामा त्यति सजिलो हुँदैन।

साभार: कान्तिपुर।






**अनुरोधकर्ता**
**जनकनन्दनी गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**

**पत्रिका/पेपर**
**कम्प्यूटराईज गराउन सम्झनुहोस।**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




**अनुरोधकर्ता**
**कमला नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**





प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday